बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौडा, नेपाल

# बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालनका लागि आवेदन माग गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७८।१२।०४**

चालु आ.व. २०७८/७९ मा वौद्धिक अपाङ्गता भएका वालवालिकाहरुका लागि पूर्वाधारयुक्त एक वटा आवासीय विद्यालय सञ्चालन गर्न तपसिलमा उल्लिखित पूर्वाधार निर्माण गर्न पुग्ने पर्याप्त जग्गा भएको सामुदायिक विद्यालय छनोट गर्नु पर्ने भएकोले बागमती प्रदेश भित्रका इच्छुक सामुदयिक विद्यालयले आफ्नो नाममा रहेको जग्गाको लालपूर्जाको प्रतिलिपि, विद्यालयको भौतिक एवम् शैक्षिक विवरण, विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्वन्धित स्थानीय तहको सिफारिस सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी आवेदन दिनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

१) आवासीय विद्यालयमा २०० जना बालबालिका आवासमा बस्न सक्ने क्षमताको भौतिक संरचना वा भौतिक संरचना निर्माण गर्न सकिने हुनुपर्ने,

२) विद्यालयमा Dark Room, Audio Proof Room, Counseling Room, प्रशासनिक भवन, वार्डेन कक्ष, ICT सुविधा सहितको पुस्तकालय, आधारभूत उपकरणसहितको थेरापी कक्ष र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि नमूना स्रोत कक्षाको व्यवस्था गर्न सकिने गरी भवन निर्माण गर्नु पर्ने,

३) अपाङ्गता अनुकुल खेलमैदान, सङ्गित, योगाभ्यास र कर्मयोगको माध्यबाट स्वावलम्वली बनाउन करेसाबारीका लागि आवश्यक पर्ने जग्गाको समेत व्यवस्था गर्नुपर्ने,

४) पूर्वव्यावसायिक सीप विकासका लागि आवश्यक पर्ने सामग्री सहितको कक्षा निर्माण गर्ने।